पैरवी

अंकः कार्तिक-चैत्र २०७५

संयोजनः रमेश भण्डारी, सुलोचना खनाल

पैरवीको यस अंकमा ओरेकले गत छ महिनामा सञ्चालन गरेका अभियानमुलक तथा पैरवीमुलक कार्यक्रमहरु समवेश गरिएको छ । तथ्यगत पैरवीका लागि अन्वेषी प्रकाशन, राष्ट्रिय, प्रदेश तथा स्थानियस्तरमा संक्रमणकालिन न्याय तथा द्वन्द्वप्रभावितका सवालहरूमा ध्यानाकर्षण, लैङ्गिक समानता, लैङ्गिक नीति निर्माणका लागि पैरवी, न्यायमा महिलाको पहुँचजस्ता सवालहरूमा संस्थाले आफ्ना गतिविधी केन्द्रित गरेको थियो । यसै गरी लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान तथा महिलाको स्वास्थ्य अधिकार तथा स्वास्थ्य सेवामा पहुँच, महिलाको काम तथा गतिशीलताको अधिकार र दिगो विकासका लागि ईको भिलेज नमुना कार्यक्रमका लागि समेत पैरवीका कार्यक्रम यो समयमा सम्पन्न भएका छन् ।

महिला हिंसा विरूद्धको बर्ष पुस्तक "अन्वेषी" लोकार्पण

महिला हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा नोभेम्बर २५, २०१८ मा महिला हिंसा विरूद्धको वर्ष पुस्तक "अन्वेषी" २०७५ को लोकार्पण राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्मा, नेपाल प्रहरीका एआइजी ठूले राई, संस्थाका कार्यकारी सदस्य दुर्गा कार्कीद्वारा गरिएको थियो । ओरेक नेपालले सन २००८ देखि नै देशभरबाट महिला माथि हुने हिंसाका घटनाहरूको अभिलेखिकरण गरि महिला हिंसा विरूद्धका वर्ष पुस्तक "अन्वेषी" महिला हिंसा विरूद्धको दिवस २५ नोभेम्बर को दिन हरेक वर्ष प्रकाशन गर्दै आएको छ । अन्वेषीमा जुलाई २०१७ देखि जुन २०१८ सम्म ओरेक नेपालमा अभिलेखीकरण गरिएका १७४१ महिला हिंसाका तथ्याँकहरूलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ ।

कार्यक्रममा ओरेकका वरिष्ठ कार्यक्रम संयोजक सबिता पोखरेलले महिला हिंसाको वर्तमान अवस्थालाई अन्वेषीले उजागर गरेको बताउँदै कञ्चरपुरको निर्मला हत्याकण्ड र गोदाचौरको सामूहिक घटनाले कानून कार्यान्वयन र महिलाको न्याय पहुँचमा रहेको चुनौति प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा बोल्दै मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले स्थानीय निर्वाचनसँगै स्थानीय स्तरमा नै महिला जनप्रतिनीधिको संख्या उल्लेख्य रहेको र जनप्रतिनीधीले समुदायस्तरदेखि महिलाको मानव अधिकार सुनिश्चितताका लागि कार्य गरेमा देश हिंसा मुक्त हुने वातावरण तयार हुने र महिलाको न्यायमा पहुँच सुनिश्चितताका लागि राष्ट्रिय मानव अधिकार आयोग,

प्रहरी र ओरेकजस्तो संघसंस्थाको संयुक्त सञ्जाल बनाएर हिंसाका घटनाहरूको सत्य तथ्य अनुगमन र न्यायका लागि कार्य गर्न सुझाव दिनुभएको थियो । कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, पत्रकार तथा मानव अधिकारका सवालमा क्रियाशिल महिला मानव अधिकार रक्षकहरु/अधिकारकर्मी गरी ८० भन्दा बढीको सहभागिता रहेको थियो ।

ओरेक नेपाल,
बालकुमारी, ललितपुर फोन नं.: फोन : ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal.org वेवसाइट : www.worecnepal.org

महिला पुनर्स्थापना केन्द्र (ओरेक) को २८ औं वार्षिक साधारणसभा तथा १३ औं अधिवेशन सम्पन्न

महिला पुनर्स्थापना केन्द्र (ओरेक) को २८ औं वार्षिक साधारणसभा तथा १३ औं अधिवेशन मिति २०७५ कार्तिक ११ गते सम्पन्न भएको थियो । १३ औं अधिवेशनले अबको २ वर्षका लागि नयाँ कार्यसमितिको चयन गरेको छ । नयाँ कार्यसमितिमा आउने पदाधिकारीहरु यस प्रकार रहनुभएको छ ।

१. अध्यक्ष : श्री ज्योत्सना मास्के
२. उपाध्यक्ष : श्री रामवती चौधरी थारु
३. सचिव : श्री चाँदनी राना
४. कोषाध्यक्ष : श्री उर्मिला श्रेष्ठ
५. सदस्य : श्री टिका देवी दाहाल
६ सदस्य : श्री दुर्गा कार्की
७. सदस्य : श्री श्याम कुमारी शाह
८. सदस्य : श्री गोमावती पुन (सृजना)
९. सदस्य : श्री बसन्ती चौधरी

साधारण सभाको उद्घाटन सत्रमा ओरेकका संस्थापक अध्यक्ष तथा वरिष्ठ सल्लाहाकार सदस्य डा. रेणु अधिकारी, राष्ट्रिय सभा सदस्य डा. विमला राई पौडेल, सल्लाहाकार डा. कैलाश नाथ प्याकुरेल, वरिष्ठ सल्लाहाकार तथा आजिवन सदस्य बिन्दु पोखरेल गौतम, वरिष्ठ सल्लाहाकार तथा आजिवन सदस्य सावित्री अर्याल, काठमाण्डौ महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गी, राष्ट्रिय मानव अधिकार आयोगका निमित्त सचिव तथा कार्यकारी निर्देशक मुरारी प्रसाद खरेल, सर्वोच्च अदालत बारका कार्यकारी सदस्य भुवन प्रसाद वाग्ले, नेपाल बारका अध्यक्ष शेरबहादुर के.सी., ललितपुर महानगरपालिकाका महिला विकास अधिकृत महेश्वरी विष्ट, महिला विकास विभागका प्रतिनिधि लगायतले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो । शुभकामना मन्तव्यका क्रममा ओरेकले गर्दै आएको एकिकृत कार्यपद्धति उपयुक्त रहेको र कार्यक्रमहरूले सामाजिक, राजनैतिक परिवर्तन लगायत महिलाको नेतृत्व स्थापनाका लागि महत्वपूर्ण भुमिका खेलेकोमा बधाई ज्ञापन गर्नुभएको थियो । ओरेकले आगामी दिनमा हालसम्म प्राप्त उपलब्धीहरुको संस्थागत गर्दै अझ प्रभावकारी रुपमा संगठनहरु विस्तार गरी कार्य गर्नुपर्ने सुझावहरु पेश गर्नुभएको थियो ।

नयाँ कार्यसमितिले पद ग्रहण गर्दै, संस्थाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आफ्नो जिम्मेवारी अनुरुप कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । निर्वाचित अध्यक्ष ज्योत्सना मास्केले संस्थाको परिलक्ष्य तथा लक्ष्य प्राप्तिका लागि संस्थाका हरेक क्रियाकलापहरूलाई अभियानमुखि ढंगबाट सञ्चालन गर्ने, संस्था भित्र रहेको स्रोत तथा ज्ञानलाई अधिकतम रुपमा प्रयोग गर्ने, र संस्थाको परिचयलाई अझ उचाईमा लान यो कार्यसमिति प्रतिबद्ध रहेको बताउनु भएको थियो ।

द्वन्द्व प्रभावित महिलाहरूको सामाजिक न्याय र परिपूरणका लागि प्रदेशस्तरीय सुनुवाई

सशस्त्र द्वन्द्वको समयमा अत्यन्त प्रभावित भएका कर्णाली प्रदेशका प्रभावितहरु संक्रमणकालिन न्याय प्रक्रियाबाट बञ्चित भईरहेको अवस्थामा द्वन्द्व प्रभावित महिलाहरूको सामाजिक न्याय र परिपूरण महिलामुखी दृष्टिकोणबाट गर्न र संक्रमणकालिन न्याय प्रक्रियामा प्रदेश सरकारको ध्यानाकर्षण गराउन प्रदेशस्तरीय सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो । महिला पुर्नस्थापना केन्द्र (ओरेक), महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय सञ्जाल सहजको संयुक्त आयोजनामा २०७५ पौष १२ गतेका दिन सुर्खेतको विरेन्द्रनगरमा सुनुवाई कार्यक्रम आयोजना गरिएको थियो ।

सार्वजनिक सुनुवाईमा कैलाली र रुकुमका द्वन्द्व प्रभावित महिलाहरूले द्वन्द्वको समयमा आफुमाथि भएका घटनाहरु प्रस्तुत गर्दै ११ बुँदे मागपत्र मुख्य मन्त्री महेन्द्र बहादुर शाहीलाई हस्तान्तरण गरेका थिए । सो मागपत्र २०७५ पौष ११ गते भएको बैठकमा रुकुम जिल्लामा द्वन्द्वको समयमा विभिन्न हिंसामा परेका, घाइते, अपाङ्गता भएका, बेपत्ता पारिएका सदस्यहरुको परिवार र सहिद परिवार लगायतले द्वन्द्वको समयमा भएका हिंसाको कारण भोग्नुपरेका विभिन्न समस्याहरुको बारेमा समूहगत छलफल गरी तयार पारेका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक मुरारी प्रसाद खरेलले द्वन्द्वको समयमा भएका यौन हिंसाका घटनाहरु आयोगमा पनि दर्ता भएको र गोपनीयताको आधारमा अनुसन्धान भइरहेको जानकारी गराउनु भएको थियो । सरकारले द्वन्द्व प्रभावितहरूलाई दिएको राहत रकममा अझै थप तीन लाख दिन सिफारिस गरिएको, साथै माग पत्रमा प्रस्तुत भएको मागको आधारमा योजना बनाउनुपर्ने जोड दिंदै राष्ट्रिय मानव अधिकार आयोग द्वन्द्व प्रभावितहरुको अधिकारको लागि काम गर्ने प्रदिवद्धता जनाउनु भएको थियो ।

सामाजिक विकास मन्त्री दल रावलले सहिदहरुको बलिदानबाट आएको नेपालको राजनैतिक परिवर्तनमा द्वन्द्व प्रभावितहरूलाई

सुधारबादी ढंगबाट मात्र नभई आमुल परिवर्तनकारी फड्को मार्नुपर्ने र संक्रमणकालिन न्यायलाई छिटो भन्दा छिटो व्यवस्थापन गर्नुपर्नेमा जोड दिनु भएको थियो । गठित आयोगहरूलेले पनि न्याय र परि पूरणका कामहरु छिटो अगाडी बढाउन प्रदेशको तर्फबाट संघमा पनि पहल गर्ने प्रतिवद्धता जनाउनु भएको थियो ।

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला केसीले सहिद परिवारहरु र द्वन्द्व प्रभावितहरूबाट द्वन्द्व प्रभावितहरूको आर्थिक समृद्धी र आत्मनिर्भरतामा टेवा पुऱ्याउने खालको योजना पालिकामा आवश्यकता अनुसार सहकारी गठन गरी प्रभावकारी योजना तथा कार्यक्रम लिएर आएमा भूमी मन्त्रालयले रोजगारी सृजना हुने गरी आर्थिक सहयोग गर्न तयार रहेको जानकारीका साथै प्रतिवद्धता जनाउनुभएको थियो ।

कार्यक्रममा योजना शाखा उपाध्यक्ष, महिला मानव अधिकार रक्षक संजाल, राष्ट्रिय मानव अधिकार आयोग, मुख्य कानुनी अधिवक्ताहरु लगायतका सरोकारवालाहरूको उपस्थिती रहेको थियो । कार्यक्रमको अध्यक्षता तथा सहजीकरण ओरेकका संस्थापक अध्यक्ष तथा महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय संञ्जालका अध्यक्ष डा. रेणु अधिकारीले गर्नु भएको थियो ।

लैङ्गिक न्याय र फैसला कार्यान्वयनको अवस्था सम्बन्धी छलफल कार्यक्रम

अदालतबाट अन्तिम फैसला भएका कतिपय आदेश वा निर्णयहरु वर्षौसम्म कार्यान्वयन हुन नसकेको अवस्था बारे छलफलका लागि महिला हिंसा विरूद्धको १६ दिने अभियानका क्रममा ओरेकका शाखा तथा परियोजना कार्यालय मोरङ्ग, सुनसरी, उदयपुर, कैलाली, दाङ्ग, धनुषा र सिराहामा अन्तरक्रियाको आयोजना गरिएको थियो ।

फैसला कार्यान्वयन बिना पूर्ण न्याय प्राप्त हुन नसक्ने हुँदा हिंसा प्रभावित महिला र सरोकारवालाहरूसँग छलफल मार्फत फैसला कार्यान्वयनका लागि पैरवी गर्ने उद्देश्य कार्यक्रमको थियो । जिल्लामा आयोजित कार्यक्रमबाट प्राप्त निस्कर्ष तथा लामो समयदेखि हिंसा प्रभावित महिलाहरूसंग काम गर्दाको अनुभवमा केन्द्रित भई सम्बन्धित सरोकारवालाहरूबिचको छलफल र संवाद मार्फत फैसला कार्यान्वयन अवस्थाको वस्तुगत मूल्यांकन गर्नुका साथै कार्यान्वयनको समस्या र लैङ्गिक न्यायसँग सम्बन्धित महिलाका खास विषयलाई बहस तथा पैरवी गर्ने मुख्य उद्देश्यका साथ २०७५ मंसिर २१ गते काठमाण्डौमा "महिलाका मुद्दा र फैसला कार्यान्वयनको अवस्था सम्बन्धी छलफल" कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा संस्थाको तर्फबाट विभिन्न जिल्लामा प्रभावितको पक्षमा कानुनी रूपमा फैसला भएका तर कार्यान्वयन नभएका घटनाहरूको प्रस्तुती गरिएको थियो । छलफलका क्रममा मानव अधिकार आयोगका अनुसन्धान महाशाखा प्रमुखले फैसला कार्यान्वयनको अवस्था हेर्दा अदालती फैसलामा मात्र समस्या नभइ आयोगले गरेका निर्णय पनि सरकारी निकायहरूले उल्लङ्घन गरेको अवस्थाले सरकारी संयन्त्र महिलाको मुद्दामा कमजोर रहेको प्रष्ट पार्ने बताउनु भयो । फैसला कार्यान्वयनको अवस्थामा पनि महिलामुखि दृष्टिकोण हुनु पर्ने र त्यसका लागि अदालतबाट लिखित निर्देशन जारी गर्नुपर्ने र यस्तो निर्देशन जारी भएमा फैसला कार्यान्वयन गर्ने निकायहरु महिला, बालबालिका, वृद्धवृद्धाका मुद्दामा कसरी विशेष कार्यविधि अपनाउन सकिन्छ भन्ने बारे निर्देश हुन्छन् भन्ने विषयमा जोड दिनु भएको थियो ।

यसैगरी राष्ट्रिय महिला आयोगका अधिकृत विमला खड्काले प्रभावित महिलाको क्षतिपूर्ति सम्बन्धमा लैङ्गिक हिंसा पीडित राहत कोष स्थापना भएपनि कार्यान्वयन गर्ने कानुनको अभावमा जबरजस्ती करणी जस्तो मुद्दाका पीडित/प्रभावित लाई राज्यले राहत प्रदान गर्न नसकेको विषयलाई उठान गर्नु भएको थियो । यसरी नै सर्वोच्च अदालत फौजदारी निर्देशनालयका अधिकृत मञ्जु ओझाले फैसला कार्यान्वयनको प्रक्रिया जटिल छ र सो को बारेमा सर्वसाधारणलाई जानकारी नभएको र महिलाका मुद्दामा यस कुरालाई ध्यान दिनु आवश्यक रहेको बताउनु भयो ।

सहभागिहरूले महिलाले जितेका मुद्दा तर फैसला नभएको घटनाहरु प्रस्तुत गरेका थिए । महिलाका मुद्दामा फैसला कार्यान्वयन गर्न मानव अधिकार आयोग, सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले फैसला कार्यान्वयनको लागत राखि सो कार्यमा अवरोध पुऱ्याउँने व्यक्तिलाई पहिचान गरी मानव अधिकार उल्लङ्घनकर्ता वा कानुन उल्लङ्घनकार्ताको रूपमा अभिलेखन तथा सूचिकृत गर्ने अभ्यासको लागि सम्बन्धित निकायसँग पहल गर्नुपर्ने, सर्वोच्च अदालतले यो आर्थिक वर्षलाई फैसला कार्यान्वयन वर्षको रूपमा घोषणा गरेकोमा राष्ट्रिय स्तरमा यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने, राज्यको संयन्त्रहरूलाई चुस्त दुरूस्त बनाउनुपर्ने, पीडित/प्रभावित महिलालाई मुद्दा दर्ता देखि फैसला कार्यान्वयनसम्म राज्यले विशेष सुविधाको व्यवस्था गर्नुपर्ने, महिलाका मुद्दाहरूलाई प्रहरी प्रशासन तथा अदालतले प्राथमिकता दिंदै महिलाको मानवअधिकारको सम्मान र संरक्षण गर्दै हिंसा प्रभावित महिलाहरूको न्याय प्राप्ति गर्ने अधिकार सुनिश्चित गर्न सम्बन्धित निकायहरु गम्भीर हुनुपर्ने जस्ता सुझावहरु छलफलका क्रममा सहभागीहरूबाट आएको थियो ।

कार्यक्रममा सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, जिल्ला अदालतका प्रतिनिधि, महान्यायधिवक्ताको कार्यालय, काठमाडौं सरकारी वकील कार्यालय, काठमाडौं महानगरी प्रहरी परीसर, महिला सेल, नेपाल बार एसोसिएसन लगायत सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि गरी जम्मा ३५ जनाको उपस्थिती रहेको थियो

संयुक्त राष्ट्रसंघका महिला विरूद्धहुने हिंसाका विशेष प्रतिवेदक संग राष्ट्रिय परामर्श सम्पन्न

ओरेक र महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालको समन्वयमा संयुक्त राष्ट्रसंघका महिला विरूद्ध हुने हिंसाका विशेष प्रतिवेदक डुब्राभ्का साइमोनोभिक (Dubravka Simonovic) को सहभागितामा नोभेम्बर २० मा राष्ट्रिय परामर्शको आयोजना गरिएको थियो । नेपालका सबै प्रदेशका महिला मानव अधिकार रक्षकहरूका प्रतिनिधि, विभिन्न क्षेत्रमा रहेर महिला अधिकारको आन्दोलनमा कार्यरत अधिकारकर्मीहरू, मधेशी समुदाय, अपाङ्गता भएका महिलाहरूको समूह, द्वन्द्वको समयमा यौन हिंसा बाट प्रभावित महिलाहरू, भूमिहिनको सवालमा काम गर्ने, सञ्चार क्षेत्रमा आवद्ध आदि महिला प्रतिनिधिहरूको कार्यक्रममा उपस्थिती रहेको थियो । नेपालमा महिलाहरूको वर्तमान अवस्था, महिला हिंसा, महिला हिंसाको सवालमा काम गर्दा भोग्नु परेका समस्या र चुनौतीहरु विशेष प्रतिवेदक समक्ष सहभागीहरूले प्रस्तुत गरेका थिए । सो परामर्श महिला हिंसाका

सम्बन्धमा समुदायमा भएका सवालहरूलाई सम्बोधन गर्नका लागि अन्तराष्ट्रियस्तरबाट ध्यानाकर्षण गराउने एक उपयुक्त थलोको रूपमा रहेको थियो । नेपालमा महिला हिंसाको वर्तमान अवस्थाबारे अनुगमन गर्न नेपाल भ्रमणमा आउनुभएका विशेष प्रतिवेदक साइमोनोभिकले भ्रमण पश्चात कार्यशालामा उठेका सवालहरूलाई समावेश गरी संयुक्त राष्ट्रसंघ समक्ष प्रतिवेदन पेश गर्ने बताउनुभएको थियो ।

लैंगिक हिंसा विरूद्धको नीति (लैंगिक समानता नीति) तयारीका लागि कार्यशाला गोष्ठी

ओरेकको आयोजनामा लैंगिक समानता नीति निर्माणका लागि वातावरण तयार गर्ने उद्देश्यले सिन्धुली, कैलाली, बर्दिया र सुनसरी जिल्लामा लैंगिक हिंसा विरूद्धको नीति (लैंगिक समानताको नीति) तयारीका लागि कार्यशाला सम्पन्न गरिएको थियो । कार्यशालामा गाउँ पालिका, नगरपालिकाका प्रमुख, उपप्रमुखहरू, न्यायपालिका सदस्य, कानुनी सल्लाहकार, महिला मानव अधिकार रक्षक सञ्जालहरु सहित १०० जना भन्दा बढीको सहभागितामा रहेको थियो । कार्यशालामा प्रमुख प्रशिक्षकको रूपमा डा. रेणु अधिकारीले सहजीकरण गर्नुभएको थियो ।

कार्यशालामा लैंगिक विभेदमा आधारित हिंसाको अन्त्य विना देशमा सामाजिक न्याय तथा दिगो शान्ती स्थापना हुन नसक्ने हुँदा देशमा दिगो शान्ती स्थापना गर्न, लोकतन्त्रलाई बलियो बनाइ संस्थागत गर्न मानव अधिकारको सम्मान गर्न, दिगो विकास र समृद्ध नेपाल सुखी नेपालीको सपनालाई साकार पार्न लैंगिक विभेदमा आधारित हिंसालाई अन्त्य गर्नु पर्नेमा जोड दिइएको थियो । यसको अन्त्यका लागि लैंगिक हिंसा विरूद्धको (लैंगिक समानता) नीतिको आवश्यक्ता लैंगिक विभेदमा आधारित हिंसा मानव अधिकारको सवाल हो, लैंगिक विभेदमा आधारित हिंसा न्यूनीकरण नभएसम्म मानव अधिकार सुनिश्ति हुन सक्दैन भन्ने विषयमा सहभागीहरु यो कार्यशालाबाट स्पष्ट भएको जनाउँदै लैंगिक हिंसा अन्त्य गर्न लैंगिक नीति निर्माणका लागि आफ्नो गाउँपालिका तथा नगरपालिकामा पहल गर्ने प्रतिबद्धता कार्यशालाको अन्त्यमा सहभागीहरूले जनाएका थिए । लैंगिक समानता नीति निर्माणका लागि स्थानीय तहमा जिम्मेवार पदमा रहनुभएका सबै सहभागीहरूलाई नीति निर्माणको लागि आफुले पाएको यो महत्वपूर्ण अवसरलाई प्रयोग गर्दै हामी सबैको संयुक्त प्रयासमा लैंगिक समानता सहितको गाउँ, समाज र देश निर्माणको लागि अघि बढ्न प्रशिक्षकले अग्रिम शुभकामना व्यक्त गर्नुभएको थियो । लैंगिक विभेदपूर्ण सामाजिक मूल्य मान्यतामा आधारित संरचना रहेको हाम्रो समाजमा काम गर्न त्यति सहज छैन तर त्यही चुनौतीहरूलाई अवसरको रूपमा लिएर विभेदकारी सामाजिक मूल्य मान्यता परिवर्तन गर्न स्थानीय सरकारबाट अभियान नै सञ्चालन गर्नुपर्नेमा पनि प्रशिक्षकले जोड दिनु भएको थियो ।

लैङ्गिक हिंसा सम्बोधनमा संवैधानिक तथा कानुन प्रावधान विषयक कार्यशाला

सिन्धुली, ओखलढुङ्गा र उदयपुरमा लैङ्गिक हिंसा सम्बोधनमा संवैधानिक तथा कानूनी प्रावधान विषयक २ दिने कार्यशालाको अयोजना गरिएको थियो । कार्यक्रममा लैङ्गिक हिंसा सम्बोधनका लागि भएका कानूनी व्यवस्थाहरु, तिनको कार्यान्वयन अवस्था तथा अवसर र चुनौतीहरूको बारेमा छलफल गरिएको थियो । जिल्लाका सरकारी वकिल, जिल्ला न्यायाधिश, तथा प्रहरी प्रमुखले हाल तिनवटै क्षेत्रले प्रदान गर्दै आएका सेवाहरु, लैङ्गिक हिंसा सम्बोधनमा उनीहरूको भूमिका तथा काम गर्दाका क्रममा आएका अप्ठ्याराहरु प्रस्तुत गरी समाधानका उपायहरूको विषयमा छलफल गरिएको थियो । कार्यक्रम पश्चात सहभागीहरूले लैङ्गिक हिंसा न्यूनीकरणमा सबैको सहकार्य आवश्यक भएकोले आ-आफ्नो क्षेत्रबाट हिंसा न्यूनीकरण तथा प्रभावितले न्याय पाउन सक्ने वातावरण निर्माण गर्न सक्रिय रूपमा सहयोग प्रदान गर्ने प्रतिवद्धता जनाएका थिए । कार्यक्रममा जिल्ला सरकारी वकिलको कार्यालय, अदालत, जिल्ला वार एशोसिएशन र न्यायिक समितिका संयोजक तथा कानुन अधिकृतहरु सहित जम्मा ६२ जनाको सहभागिता रहेको थियो ।

वर्तमान स्वास्थ्य नीति र महिलाको स्वास्थ्य अधिकार विषयक राष्ट्रिय परामर्श गोष्ठी

नयाँ राष्ट्रिय स्वास्थ्य नीति २०७५(मस्यौदा) र सुरक्षित मातृत्व सम्बन्धी ऐन २०७५ मा भएका व्यवस्थाहरूलाई विश्लेषण तथा एकीकृत लैङ्गिक संवेदनशील स्वास्थ्य नीति बनाउनका लागि बहुपक्षीय सरोकारवालाहरूसंग समन्वय गरी लैङ्गिक संवेदनशील स्वास्थ्य नीति निर्माणका लागि सहजीकरण गर्न ओरेकले मिति २०७५ मंसिर १६ गते "वर्तमान स्वास्थ्य नीति र महिलाको स्वास्थ्य अधिकार" विषयक राष्ट्रिय परामर्श गोष्ठी कार्यक्रमको आयोजना गऱ्यो ।

महिलाको सुनिश्चित स्वास्थ्य अधिकार : दिगो शान्ति र विकासको मूलआधार भन्ने नाराका साथ आयोजित सो गोष्ठीमा महिला मानवअधिकार रक्षक सञ्जालका अध्यक्ष तथा ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले वर्तमान प्रजनन् स्वास्थ्य ऐनमा बाँझोपनको असर र रोकथामका विषय समावेश गर्नुपर्ने, समुदायस्तरमा काम गर्ने महिला मानव अधिकार रक्षक, स्वास्थ्य स्वयंसेविका र मिड वाईफ जस्ता सेवा प्रदायकहरूको सुरक्षा र स्वास्थ्यको विषयलाई नीतिगत व्यवस्था गर्नुपर्ने, स्थानीय तहले महिलाको स्वास्थ्य अधिकार सुनिश्चितताका लागि राष्ट्रिय नीति अनुरूप लैङ्गिक नीति बनाउनुपर्ने, यौन दुर्व्यवहार र महिलाको अन्य अन्तरक्षेत्रिय विषयवस्तुहरूको सम्बोधनका लागि सारभूत समानताको अधिकारका रूपमा नीतिले सम्बोधन गर्नुपर्ने जस्ता सुझावहरु पेश गर्नुभएको थिए ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव डा. शुशिल नाथ प्याकुरेलले आफ्नो मन्त्यव्यका क्रममा नेपालमा विद्यमान सामाजिक सांस्कृतिक कारणले गर्दा स्वास्थ्य समस्या हुने गरेको छ । अहिले जनस्वास्थ्य ऐन र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य ऐन- २०७५ आएर स्वास्थ्यका विषयमा बहस गर्ने आधार तयार भएको छ, आगामी दिनमा मन्त्रालयले बहुसरोकारवालाहरूसँग छलफल गर्नुका साथै यस कार्यक्रमबाट आएका सुझावहरूलाई समेत समावेश गरी राष्ट्रिय स्वास्थ्य नीति र कार्ययोजनाहरु तयार गर्ने भनी प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

यसैगरी परिवार कल्याण महाशाखाका निर्देशक डा. आर.पि. विच्छाले महिलाको प्रजनन् स्वास्थ्य विशेषगरी पाठेघर खस्ने समस्या र अब्सट्र्याटिक फिस्टुलाको रोकथाममा जोड दिँदै सामाजिक पुनर्स्थापनामा सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे । अधिवक्ता शर्मिला श्रेष्ठले परिवार नियोजनका स्थायी र अस्थायी साधनहरूमा पूर्ण रूपमा पहुँच हुनुपर्ने सुझाव राख्नुभएको थियो भने गर्भपतनलाई हालसम्म पनि फौजदारी अपराध संहितामा राखि राज्यले अपराधीकरण गरेकोले यस संहितामा राख्न नहुने बताउनु भएको थियो । स्वास्थ्य विशेषज्ञ तथा अधिकारकर्मी डा. अरूणा उप्रेतीले स्वास्थ्य नीतिमा पम्परागत सीप र ज्ञानलाई प्रर्वद्धन गरी आयुर्वेदको प्रवर्द्धनका लागि नीतिगत रूपमा व्यवस्था गर्नुपर्ने सुझाव पेश गर्नुभएको थियो ।

कार्यक्रममा स्वास्थ्य तथा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न विज्ञहरु, कानुनी विज्ञहरु, सामाजिक अभियान्ताहरु गरी ६५ जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा एयर एम्बुलेन्स सेवालाई नीतिगत व्यवस्था गर्नुपर्ने, मिड वाईफहरूलाई नीति अनुसार पदको

व्यवस्था लक्षित गरी शैक्षिक कोर्सको व्यवस्था गर्नुपर्ने, सेनिटरी प्याड र रिङ्ग पेसरीलाई अत्यावश्यक निःशुल्क स्वास्थ्य सामाग्रीको रूपमा राख्नुपर्ने, स्वास्थ्य सेवालाई सरकारले लगानीको रूपमा नहेरेर राज्यको दायित्वको रूपमा लिनुपर्ने, समलिङ्गी तथा अपाङ्गता मैत्री स्वास्थ्य सेवाको विकास गर्नुपर्ने, आप्रवासी कामदारहरूका लागि स्वास्थ्य सेवाको व्यवस्था हुनुपर्ने लगायतका सुझावहरु सहभागीहरूले राखेका थिए ।

एकिकृत स्वास्थ्य तथा स्वहेरचाह मेला सम्पन्न

महिलाहरूमा मनोविमर्श तथा प्रजनन् स्वास्थ्य सेवाको आवश्यक्तालाई सम्बोधन गर्न रूकुम जिल्ला बाफिकोट गाँउपालिकाको वाड नं २ पिपलमा २०७५ कार्तिक १४ देखि १७ सम्म ५ दिने एकिकृत स्वास्थ्य तथा स्वहेरचाह मेलाको आयोजना गरिएको थियो ।

मेलामा रूकुम जिल्लाको बाफिकोट गाँउपालिका, त्रिवेणी गाँउपालिका र सिस्ने हिमाल गाँउपालिकाबाट पाठेघरको मुख सुनिएका, ग्याष्ट्रिक, पिसावको संक्रमण, उच्च रक्तचाप, महिनावारी गडबडी, पाठेघर पहिलो, दोस्रो र तेस्रो डिग्री खसेको, सेतो पानी बग्ने आदि स्वास्थ्य समस्या भएका जम्मा ४३६ जनाको स्वास्थ्य जाँच गरी निःशुल्क औषधी वितरण गरिएको थियो । जसमध्ये १५ जनालाई थप उपचारको लागि नेपालगंज, दाङ्ग र काठमाण्डौ अर्थोपेडिक अस्पतालमा रेफर गरिएको थियो भने ४४ जना महिलालाई मनासामाजिक मनोविमर्श प्रदान गरिएको थियो । साथै स्वास्थ्य मेलामा सहभागीहरूलाई लिङ्ग, लैङ्गिकता, महिला र पुरूषको बिचमा भएको प्राकृतिक तथा सामाजिक भिन्नता, लिङ्गको आधारमा गरिएको कार्यविभाजन, जसले सृजना गरेको लैङ्गिक विभेद, महिला हिंसाको अवस्था र यसबाट सृजना भएको महिलाको स्वास्थ्य समस्याको बारेमा अभिमुखिकरण गरिएको थियो । सँगसगै स्थानीय स्तरमा उपलब्ध हुने जडिबुटिको प्रयोगबाट घरमा नै स्वास्थ्य समस्यालाई सामाधान गर्न सकिने बारे जानकारी दिईएको थियो ।

विशेष मनोविमर्शको आवश्यकता भएका १९ जना महिलाहरु ४

दिनसम्म योग तथा ध्यान शिविर पनि सञ्चालन गरिएको थियो । शुरुवातमा मानसिक विचलनका कारण आँखा बन्द गर्नसमेत नसकेका सहभागीहरूले अन्तिम दिनसम्म आईपुग्दा आफुलाई धेरै आनन्द अनुभुति भएको कुरा व्यक्त गरेका थिए । यसैगरी योगाको माध्यमबाट हातगोडा झमझमाउने, हातगोडा गल्ने, पाठेघरको समस्या, ढाडकम्मर दुख्ने, जीउ दुख्ने आदि समस्या भएको महिलाहरूले लाभान्वित भएको बताएका थिए ।

यसरी नै ओरेक, तुलसीपुर उपमहानगरपालिका र महिला मानवअधिकार रक्षकहरूको सहकार्यमा तुलसीपुर उपमहानगरपालिका ४ खाद्रे स्वास्थ्य चौकी र ८ दूधनामा २०७५ पुष १३ देखि पुष १८ सम्म गरी जम्मा ६ दिने महिला स्वास्थ्य तथा स्वहेरचाह मेला सम्पन्न भएको थियो । हिंसा प्रभावित महिलाहरूको मानसिक स्वास्थ्यमा परेको प्रभावलाई कम गर्ने उद्देश्यले स्वहेरचाहको साथै मनोविमर्श, ध्यान र मनोरञ्जनात्मक क्रियाकलापहरु समेत गरिएको थियो ।

मेलामा प्रजनन् तथा अन्य स्वास्थ्य समस्या भएका ९५६ जनाले स्वास्थ्य जाँच गराएका थिए । स्वास्थ्य मेलाबाट तेस्रो डिग्री पाठेघर खसेका १० जनालाई अप्रेशनको लागि अञ्चल अस्पताल रेफर गरिएको थियो भने १६ जनालाई पाठेघरमा रिङ्गप्रसरी राखिएको थियो । यसैगरी २०० जना महिलाहरूले भिडियो एक्सरे सेवा समेत गराएका थिए । यस स्वास्थ्य मेला पश्चात ५ जनाको पाठेघरको नि :शुल्क रूपमा अप्रेशन भएको छ ।

यसैगरी जिल्ला जनस्वास्थ्य कार्यालय तथा पालिकाहरूको समन्वयमा सिन्धुपाल्चोकको विस्देउटार र उदयपुर जिल्लाको पाल्लेवास र शाही खोलामा गरी जम्मा ५ दिन स्वास्थ्य मेला सञ्चालन गरिएको थियो । स्वास्थ्य मेलामा पिसाव पोल्ने, पाठेघर सम्बन्धी चेकजाँच, तल्लो पेट दुख्ने , सेतो पानि बग्ने, ढाड दुख्ने, हाड जोर्नी दुख्ने, ग्याष्ट्रिक आदि समस्या भएका जम्मा ६९० जनालाई स्वास्थ्य सेवा प्रदान गर्नुका साथै सूचनामूलक सामग्रीहरूको माध्यमबाट यौन तथा प्रजनन् स्वास्थ्य, जडिबुटीको प्रयोग तथा लैङ्गिक विभेदका बारेमा जानकारी समेत प्रदान गरिएको थियो ।

घरेलु कामदारको कामको पहिचान र आईएलओ महासन्धि १८९ को अनुमोदन सम्बन्धी अन्तरक्रिया

महिला हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा महिला पुनर्स्थापना केन्द्र ओरेक, पौरखी नेपाल, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको आयोजनामा घरेलु कामदारको कामको पहिचान र आईएलओ महासन्धि १८९ को अनुमोदन सम्बन्धी अन्तरक्रिया कार्यक्रम २०७५ मंसिर २० मा सम्पन्न भएको थियो ।

आई एल ओ महासन्धि १८९ ले घरेलु श्रमिकको कामको पहिचान, उनीहरूले पाउनुपर्ने न्युनतम पारिश्रमिक, विदा, सुरक्षित वातावरण तथा कामको सम्मान जस्ता कुराहरूलाई समेटेको भएपनि नेपाल सरकारले यस महासन्धिलाई अनुमोदन गरेको छैन ।

नेपालले यस महासन्धिलाई अनुमोदन गरेमा मात्र बैदेशिक रोजगारमा गएका घरेलु श्रमिकको सवालमा पैरवी गर्न, घरेलु कामलाई कामको रूपमा मान्यता दिन तथा नेपाल भित्रै काम गर्ने कामदारको अधिकारको सुनिश्चितताका लागि महासन्धि अनुमोदन गर्न सरकारलाई ध्यानाकर्षण गराउन कार्यक्रमको आयोजना गरिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य सुदिप पाठकले मन्तव्यका क्रममा आफु आई.एल.ओ. महासन्धि १८९ को अनुमोदन हुनुपर्छ भन्ने पक्षमा रहेको र अनुमोदन पश्चात महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि सरकारले आफ्नो दायित्वाई जिम्मेवारीपुर्वक निर्वाह गर्नुपर्ने बताउनु भएको थियो । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव विर बहादुर राईले घरेलु श्रमिकको समस्या उठान गर्न कुनै आधिकारिक तथ्याङ्क नभएको कारण स्थानीय तहले तथ्याङ्क संकलनका लागि पहल गर्नुपर्ने साथै महासन्धि अनुमोदन पुर्व यसको कार्यान्वयनका लागि पुर्व तयारी आवश्यक रहेको बताउनु भएको थियो । यसैगरी बैदेशिक रोजगार प्रवर्द्धन बोर्डका कार्यकारी निर्देशक राजन श्रेष्ठले घरेलु श्रमिकको मुद्दामा सरकार संवेदनशील रहेको तर सामाजिक संरचना, दृष्टिकोण र सोँच नै हाम्रो समस्या भएकोले यस्तो सोँच परिवर्तनको लागि काम गर्नुपर्ने आवश्यकता रहेको व्यक्त गर्नुभएको थियो ।

पौरखी नेपालका अध्यक्ष मन्जु गुरुङ्गले घरेलु श्रमिकको पहिचानको समस्या, घरेलु श्रमलाई कामको रूपमा मान्यता नदिनु तथा उनीहरूको योगदानको कतैपनि प्रत्यक्ष रूपमा कदर नहुनुका कारण उनीहरु विभिन्न जोखिममा पर्ने गरेको औल्याउदै सरकारले ल्याएका सकारात्मक नीति, नियम तथा ऐन कानुनहरूको व्यवहारिक र प्रभावकारी कार्यान्वयन पनि अहिलेको आवश्यक्ता रहेकोमा जोड दिनुभएको थियो ।

कार्यक्रममा भएको खुल्ला छलफलमा घरेलु श्रमिकको पञ्जीकरण हुनुपर्ने, उनीहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनका लागि योगदानको कदर हुने वातावरण निर्माण गर्नुपर्ने र उनीहरूको न्युनतम ज्याला, समय, सुविधा आदि ऐनमा तोकिए बमोजिम कार्यान्वयन हुनुपर्ने, बैदेशिक रोजगारबाट फर्किएका घरेलु श्रमिकको पूनर्एकिकरणको योजना हुनुपर्ने जस्ता सवालहरु आएका थिए । कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मीहरु घरेलु श्रमिक, घरेलु कामदार लगायत गरी ६५ जनाको सहभागिता रहेको थियो ।

दिगो विकास लक्ष्य प्राप्तीका लागि पर्यावरणीय मैत्री नमुना गाउँ प्रबर्द्धन राष्ट्रिय परामर्श

ईकोभिलेजको प्रवर्द्धन तथा पर्यावरणीय मैत्री नमुना गाउँ (इकोभिलेज) सञ्चालन गर्दाका सिकाई तथा अनुभवहरूलाई आदान प्रदान गर्न ९ डिसेम्बरमा कृषि विभाग, पुल्चोक, ललितलपुरमा दिगो विकास लक्ष्य प्राप्तीका लागि पर्यावरणीय मैत्री नमुना गाउँ प्रबर्द्धन राष्ट्रिय परामर्श गोष्ठीको आयोजना गरिएको थियो ।

कार्यक्रममा विशिष्ट अतिथिमा राष्ट्रिय सभाका सदस्य विमला राई पौड्याल र राष्ट्रिय योजना आयोगका सदस्य मिन बहादुर शाही, रहनुभएको थियो ।

विज्ञको रूपमा डा. नेत्र प्रसाद तिम्सिना र डा. सर्वराज खड्काले ईकोभिलेजको मूल्यांकन तथा अनुगमनको आधारमा इकोभिलेजले दिगो विकासको लक्ष्य प्राप्तीका लागि योगदान पुऱ्याइरहेको र समुदायस्तरमा यो अवधारणा दिगो र प्रभावकारीरूपमा सञ्चालन भइरहेको प्रष्ट्याउनु भएको थियो । माननिय मिन बहादुर शाहीले यो अवधारणालाई अहिले बन्दै गरेको पन्ध्रौं पञ्चबर्षीय योजनामा सिफारिस गर्न पहल गर्न सक्ने जानकारी गराउनु भएको थियो भने

विमला राई पौड्यालले ओरेकले इको भिलेजको अवधारणालाई समुदाय स्तरमा रहेर प्रभावकारी तवरबाट सञ्चालन गर्दै आएकोमा आगामी दिनमा यसको प्रवर्द्धन र विस्तारका लागि जोड दिनुपर्ने बताउनु भएको थियो । कार्यक्रम पश्चात, सामुदायिक विकासको अवधारणा अनुसार पर्यावरणीय मैत्री नमुना गाउँ कार्यक्रम स्थानीय सरकारले अवलम्बन गर्न पहल गर्दै राष्ट्रिय योजना आयोगलाई निर्माणाधिन पन्धौं पञ्चबर्षीय योजनामा समावेश गर्नको लागि सुभावपत्र समेत पेश गरिएको थियो । उक्त कार्यक्रममा इको भिलेज व्यवस्थापन समिति सदस्य, जनप्रतिनिधि, महिला आयोग, जनसंख्या तथा बातावरण मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कृषि तथा पशु पंक्षी विकास मन्त्रालय र विभाग लगाय राष्ट्रियस्तरका सरोकारवाहरूको उपस्थीति रहेको थियो ।

राष्ट्रिय योजना आयोगले तयार गर्दै गरेको पन्ध्रौं योजनामा (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) सुझावहरू प्रदान

राष्ट्रिय योजना आयोगले तयार गर्दै गरेको पन्ध्रौं योजनामा (आर्थिक वर्ष २०७६/०७६-२०८०/०८१) संस्थाले लामो समयदेखि समुदाय तहमा रहेर कार्य गर्दै आएको अनुभवका आधारमा निम्न विषयगत क्षेत्रहरूमा सुझावहरु प्रदान गरेको थियो ।

१) महिला तथा पछाडी पारिएको समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चितताका लागि दिगो जीविकोपार्जनका सम्बन्धमा प्रदान गरिएका सुझावहरू

- पर्यावरणीय मैत्री गाउँ (इकोभिलेज) अवधारणाले दिगो विकास लक्ष्यका आर्थिक, सामाजिक र वातावरणीय विकासका पक्ष प्राप्तीका लागि स्थानीयकरणको महत्वपूर्ण योगदान पुऱ्याउने भएकोले यस अवधारणालाई योजनामा समावेश गर्नुपर्ने,
- महिलाहरु संलग्न भएका श्रम विशेषगरी घरेलु, कृषि लगायतका अन्य सेवामूलक मानिएका श्रमका क्षेत्रहरूलाई औपचारिक श्रमको दायरामा ल्याई सबै सेवामूलक काम तथा मूल्यसँग जोडिएका कामलाई कूल ग्राहस्थ उत्पादनमा समावेश गर्दै, मर्यादित श्रमका रूपमा स्थापित गर्न नीति तथा कार्यक्रमहरु समावेश गर्नुपर्ने,
- संविधानले सुनिश्चित गरेका नागरिकका आधारभुत अधिकार पूर्ण कार्यान्वयनका लागि भूमिहीन किसान, अपाङ्गता भएका व्यक्ति, सकुम्बासी तथा विपन्न र सीमान्तकृत समुदायका महिलाको दिगो जीविकोपार्जनका लागि सिपमूलक तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका महिलाबाट उत्पादित सामाग्रीहरूको बजार व्यवस्थापनको उचित वातावरण तयार

गर्न स्थानीय तथा राष्ट्रिय तहमा बजार प्रवर्द्धन नीति तथा कार्यक्रमको व्यवस्था गर्न,

२) लैंगिक समानता तथा महिला शसक्तिकरणका सम्बन्धमा प्रदान गरिएका सुझावहरू

- महिला विरूद्ध हुने भेदभाव विरूद्ध शून्य सहनशीलताको नीतीलाई स्थानीय देखि केन्द्रिय स्तरसम्मका सबै संरचनाहरूमा प्रभावकारी कार्यान्वयन गर्न,
- महिलाले सम्मानित र स्वतन्त्र भएर जीवनयापन गर्न सक्न वातावरण सिर्जनाका लागि राज्यका सब स्थानीय देखि केन्दिय तहसम्मका निकायहरूमा लैगिक समानता नीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन,
- विभिन्न हानिकारक सामाजिक, आर्थिक तथा धार्मिक परम्पराहरूबाट प्रतिपादित र निर्देशित कुप्रथाका कारण महिलामाथि भैरहेको हिंसालाई गम्भीर अपराधको रूपमा स्वीकार तथा ब्याख्या गरि त्यस्ता सबैखाले हानिकारक परम्परागत अपराधको अन्त्यका लागि स्थानीयदेखि राष्ट्रिय तहसम्म रणनीति बनाई कार्यान्वयनमा ल्याई नेपालको संविधान-२०७२ ले प्रत्याभूत गरेको '**प्रत्येक नागरिकको समान अधिकार**' भन्ने प्रावधान नेपाली महिलाले अनुभूत गर्न पाउने वातावरण निर्माण गर्न,
- महिलाहरूको आर्थिक सशक्तिकरणका कार्यक्रमहरूका लागि आवश्यक बजेट विनीयोजन सहित नीतिगत व्यवस्था गर्न,
- राज्यका सबै तह, संरचना तथा विकास प्रक्रियाका प्रत्येक चरणमा समावेशीताको आधारमा महिलाको ५० प्रतिशत सहभागीता सुनिश्चित हुने व्यवस्था गर्न,
- हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच सुनिश्चितता हुने र आत्मसम्मानका साथ जीवनयापनको बोध गर्ने किसिमको सहयोगी संयन्त्रहरूको (पुनर्स्थापना, पुनर्मिलन, स्वास्थ्य, कानूनी सहयोग, मनोबिमर्श, दिगो जीविकोपार्जनमा सहयोग आदी) विकास र यसमा प्रभावितको पहुँच सुनिश्चित गर्न,
- अन्तराष्ट्रिय सन्धि सम्झौता विशेषगरी महिला विरूद्ध हुने सबै किसिमका विभेद उन्मूलन गर्ने महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धी र दिगो बिकासका लक्ष्य कार्यान्वयनका लागि राष्ट्रिय कार्ययाजना निर्माण गर्न,
- संक्रमणकालिन न्यायको व्याख्या अझैपनि महिलाको दृष्टिकोणबाट नहुँदा द्वन्द्व पीडित/प्रभावित विशेषतः यौनजन्य हिंसा र यातना भोग्न बाध्य महिलाको आवाजलाई संक्रमणकालीन न्याय प्रक्रियामा राज्यबाट मौन गराईएको अवस्था छ । द्वन्द्व पीडित/प्रभावित महिलाको आत्मसम्मानसहितका सत्य, न्याय र परिपूरणका लागि अविलम्ब व्यवस्था गर्न, साथै संक्रमणकालीन न्यायलाई कानुनी ब्याख्याको परिधिबाट फराकिलो पारि महिलाले सामाजिक न्यायको अनुभूति गर्न राष्ट्रका सबै तहमा सहयोगी संयन्त्र र न्याय प्राप्त गर्ने वातावरण निर्माणका लागि नीतिगत व्यवस्था गर्नुपर्ने,
- महिलाभित्र पनि अपाङ्गता भएका, दलित, जनजाती, मुश्लिम, मधेशी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एच.आई.भी. संक्रमित, बेचबिखनबाट प्रभावित, द्वन्द्व प्रभावित, हिंसा प्रभावित, एकल आमा एवम् विधवा महिलाहरूको फरक फरक आवश्यकता हुन्छन् भन्ने तथ्यलाई आत्मसाथ गरी उनीहरूको आवश्यकता अनुसार हालको जीवनस्तरमा रूपान्तरण हुने खालका महिला सशक्तिकरणका कार्यक्रमहरूलाई प्राथमिकतामा राख्नुपर्ने ।

३) मातृ स्वास्थ्य र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका सम्बन्धमा प्रदान गरिएका सुझावहरू

- नेपाल सरकारले सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ पारित गरेता पनि यौनिकता सम्बन्धी मुद्दाहरू, प्रजनन् स्वास्थ्य र बाँझोपनाको समस्याहरूले भइरहेको महिला हिंसा सम्बोधनका लागि अझै पनि नीतिगत प्रावधानलाई सम्बोधन र सुदृढ बनाउन अवको योजनामा विशेष कार्यक्रमको व्यवस्था गर्नुपर्ने,
- महिला तथा किशोरीहरूको लागि उमेर अनुसार र लैङ्गिक सम्बेदनशील यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा, जानकारीमूलक सुचना तथा सेवा राज्यको सवै तहको स्वास्थ्य केन्द्रहरूमा र विद्यालय शिक्षा कार्यक्रममा लागू हुनुपर्ने र महिलाहरूको मानसिक स्वास्थ्य समस्या सम्बोधनका लागि मनोसामाजिक परामर्श सेवा सवै स्थानीय तहमा उपलब्ध गराउनुपर्ने,
- महिलाको यौन तथा प्रजनन् स्वास्थ्यका साथै समग्र स्वास्थ्य अधिकार सुनिश्चितताको लागि शिक्षा, सरसफाई, खाद्य तथा पोषण सुरक्षा, गरिबी जस्ता अन्तरसम्बन्धित विषयहरूको सम्बोधन गर्न बहु क्षेत्रीय मन्त्रालय तथा सरोकारवालाहरूको विच समन्वय र सहकार्यमा विशेष जोड दिनुपर्ने,
- सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकार ऐन संशोधन गर्नु पर्ने र सबै अवस्थामा गर्भपतनलाई अपराधिक कार्यबाट हटाइनुपर्ने र आमाको स्वास्थ्य जोखिममा रहने अवस्थामा कानुन नलाग्ने विशेष गरी बलात्कार, हाडनाता र यस्तै अन्य अवस्थामा पर्याप्त स्रोतको व्यवस्थापन र सुरक्षित गर्भपतन तथा बाँझोपन जस्ता समस्याहरूको रोकथाम तथा व्यवस्थपनका निम्ति स्वास्थ्य चौकिले लैङ्गिक संवेदनशील स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने ।

युवा पैरवी तालिम

महिला अधिकारको सुनिश्चितताका लागि नेतृत्व विकास गर्दै पैरवी सम्बन्धी अवधारणागत स्पष्टता, पैरवी सीप तथा दक्षता अभिबृद्धि गर्ने उद्देश्यले नोभेम्बर २७ देखि डिसेम्बर १ सम्म काठमाडौंमा ५ दिने युवा महिला तथा किशोरीहरूको लागि युवा पैरवी तालिम आयोजना गरिएको थियो । समाजमा भएका हानिकारक परम्परागत अभ्यासहरूलाई न्यूनीकरणका लागि युवा तथा किशोरीहरूबाट नै पहल गरी उनीहरूकै नेतृत्वमा समाजमा रहेका विभेदपूर्ण व्यवहारहरु अन्त्य गर्ने लक्ष्य सो तालिमको रहेको थियो । तालिममा सिन्धुली, सुनसरी, बर्दिया र कैलाली जिल्लाहरूका २४ जना युवा तथा किशोरी महिलाहरूको उपस्थिती रहेको थियो ।

तालिममा लैंगिक विभेदमा आधारित हिंसाको अवधारणागत स्पष्टता गराउनुका साथै लैंगिक विभेदमा आधारित हिंसाका जरो कारक तत्व पत्ता लगाई अबका दिनहरूमा पैरवी गर्नुपर्ने विशेष मुद्धाहरूको पहिचान गर्नमा युवा तथा किशोरीहरूलाई सहजीकरण गरिएको थियो । यस्तै, वर्तमान अवस्थामा बनेका कानूनी व्यवस्थाहरूको बारेमा सूसुचित गराई युवा तथा किशोरीहरूको पैरवीमूलक कार्ययोजना निर्माणका लागि यस तालिमले विशेष सघाउ पुऱ्याएको थियो । तालिममा युवा तथा किशोरी महिलाहरूले आ आफ्नो जिल्लाका मुद्धाहरूलाई पहिचान गरी पैरवीको मस्यौदा कार्ययोजना तयार गरेका थिए ।

लैङ्गिक विभेदमा आधारित हिंसा र मानव अधिकार विषयक ५ दिने तालिम सम्पन्न

नेपाल प्रहरी भित्रका कर्मचारीहरूको लैङ्गिक विभेदमा आधारित हिंसाका सम्बन्धमा अवधारणागत स्पष्टता गराई लैङ्गिक संवेदनशील प्रहरी अनुसन्धान तथा प्रभावितहरूको न्यायका लागि सहज वातावरण निर्माण गर्ने उद्देश्यले उदयपुर, ओखलढुङ्गा र सिन्धुली जिल्लामा गएको ६ महिनामा ६ वटा तालिममा जम्मा १४४ जना प्रहरीहरूलाई लैङ्गिक विभेदमा आधारित हिंसा र मानवअधिकार विषयक तालिम प्रदान गरिएको थियो । तालिम नेपाल प्रहरीहरु विशेष गरी महिला तथा वालवालिका सेवा केन्द्र हेर्ने महिला प्रहरी, अनुसन्धान शाखामा कार्यरत, मुद्धा फाँट, एकद्वार संकट व्यवस्थापन केन्द्र तथा विशेषगरी लैंगिक हिंसा सम्बोधनमा प्रत्यक्ष रूपमा सहभागी हुने प्रहरी कर्मचारीहरूलाई लक्षित गरी आयोजना गरिएको थियो । तालिममा नेपाल प्रहरी भित्र भएका लैङ्गिक नीति तथा लैङ्गिक हिंसा सम्बोधनमा प्रहरीको भूमिका तथा जिम्मेवारी, लैङ्गिक संवेदनशील प्रहरी अनुसन्धान जस्ता विषयमा प्रहरी कर्मचारीहरूद्वारा नै प्रशिक्षण गरिएको थियो । तालिममा विशेषगरी लैङ्गिक हिंसाको अवधारणागत स्पष्टता, लैङ्गिक हिंसा संबोधनका लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु सन्धि र महासन्धिहरु, लैङ्गिक हिंसा विरूद्ध भएका कानूनी व्यवस्थाका बारेमा जानकारी दिनुका साथै लैङ्गिक विभेदमा आधारित हिंसा न्यूनीकरणका उपायहरु, लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरूलाई मानव अधिकारबादी दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्न तथा हिंसाका घटनाहरूमा प्रभावित मैत्री वातावरण तयार गर्न प्रहरीहरूलाई ज्ञान, सीप समेत प्रदान गरेको थियो ।

शहिद महिला अधिकारकर्मीहरूको सम्झनामा दिप प्रज्वलन कार्यक्रम

अन्तर्राष्ट्रिय महिला सहिद दिवसको अवसरमा देश, समानता र अधिकारका लागि लड्दा लड्दै ज्यान आहुती दिने सबै ज्ञात अज्ञात सहिदहरूको सम्झनामा मंसिर २० गते काठमाण्डौ लगायत ओरेकका विभिन्न शाखा तथा परियोजना कार्यालय दाङ्ग, कैलाली, बर्दिया, मोरङ्ग, उदयपुर, सिरहा, धनुषामा महिला मानव अधिकार रक्षक तथा ओरेकको समन्व्यमा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा मानव अधिकारका क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थयो ।

१०९ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित कार्यक्रम

लैङ्गिक समानताका लागि समान सोच र व्यवहार : समृद्धिको आधार भन्ने राष्ट्रिय नारा सहित यस वर्ष मार्च ८ का दिन १०९ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसमा ओरेकले कार्यरत जिल्लाहरूमा विविध कार्यक्रमहरूको आयोजना गरी सम्पन्न गरेको छ । संघसंस्थाहरूसंगको समन्वयमा "समृद्धिको आधार : महिलाको पहिचान, मूल्य सहितको काम र सम्मान" भन्ने नाराका साथ न्याली कार्यक्रममा सहभागिता समेत जनाएको थियो ।

श्रम ऐन २०७४ मा श्रमिक सम्बन्धी भएका व्यवस्था र त्यसको कार्यन्वयनमा सरोकारवालाहरूको भूमिका विषयक अर्न्तक्रिया

दाङ्ग, सिरहा र उदयपुर जिल्लामा श्रम ऐन २०७४ मा श्रमिक सम्बन्धी भएका व्यवस्था र त्यसको कार्यन्वयनमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु सहितको उपस्थिती रहेको थियो । श्रम ऐनमा समान कामको समान ज्यालाको व्यवस्था भएपनि ज्यालामा विभेद रहेकोले स्थानीय सरकारले अनुगमन गरी समान कामको समान ज्यालाको अभियान नै सञ्चालन गर्नुपर्ने सुझाव सहभागीहरूले राखेका थिए । महिलाहरु संलग्न भएका श्रम विशेषगरी कृषि लगायतका अन्य सेवामूलक मानिएका श्रमका क्षेत्रहरूलाई औपचारिक श्रमको दायरामा ल्याउन स्थानीय सरकारले आफ्ना नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने उनीहरूले बताएका थिए । यसैगरी घोराही उपमहानगरपालिकामा ११ जना र उदयपुरमा ५ जना श्रमिक महिलाहरूलाई सम्मान समेत गरिएको थियो । यसै दिवसको अवसरमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिकामा कोपिला युवा समूहको समन्वयमा समान कामको समान ज्याला विषयमा स्थानीय जनप्रतिनिधहरु, महिला मज्दुरहरु र अधिकारकर्मीहरूसहितको सहभागितामा छलफल कार्यक्रमको आयोजना गरिएको थियो । सिन्धुली जिल्लामा नै भवन निर्माणका काममा महिला र पुरुषले समान काम गर्दा ज्यालामा विभेद रहेको भनाई छलफलमा आएको थियो । जनप्रतिनिधिहरूले यसको अनुगमन गरी विभेद गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

आत्मरक्षा तालिम

महिलाहरूको आत्मबल बढाउने तथा महिलामाथि हुन सक्ने विभिन्न हिंसा र दूर्व्यवारबाट बच्न र बचाउन लागि सीप विकास गर्न सूर्य विनायक नगरपालिकाको सहयोग, ओरेक, गै.स.स महासंघ भक्तपुर, राष्ट्रिय निर्माण मञ्च नेपालको संयुक्त आयोजनामा एक दिने आत्मरक्षा तालिमको आयोजना गरिएको थियो । तालिममा ७० भन्दा बढी किशोरी तथा महिलाहरूले सहभागी थिए । आधारभूत ज्ञान तथा सीप सिकेर आफ्नो आत्मविश्वास बढेको र शारीरिक तथा मानसिक रूपमा हुन सक्ने हिंसाको प्रतिवाद गर्ने आत्वबल बढ्को उनीहरूले बताएका थिए ।

शैक्षिक मनोरञ्जनात्मक मेला

दुधौली नगरपालिकको आयोजना तथा ओरेकको समन्वयमा शैक्षिक मनोरञ्जनात्मक मेलाको आयोजना सिन्धुलीमा गरिएको थियो । मेलामा समाजमा विद्यमान रहेका विभेद, असमानता र हानिकारक परम्परागत अभ्यासहरूलाई चित्रण गरिएका सन्देशमूलक वक्तृत्वकला, खुल्ला हाजिरी जवाफ तथा नृत्य प्रतियोगिताहरु पनि सञ्चालन भएको थियो । स्थानीय स्तरमा महिला उद्यमीहरूले उत्पादन गरेका वस्तुहरूको प्रदर्शनी गरिएको थियो भने उपस्थित ५०० जना सहभागिहरूलाई सूचनामूलक सामग्रीहरु समेत वितरण गरिएको थियो ।

सडक नाटक

बालविवाहले शारीरिक तथा मानसिक स्वास्थ्यमा पार्ने असर तथा जोखिमका बारेमा सिन्धुलीको कमलामाई र दुधौली नगरपालिकाका ३ वटा वडाहरूमा किशोरी समूर र परिवर्तन जागरणका कलाकारहरूले सडक नाटक प्रस्तुत गरेका थिए । बालविवाहका कारण आइपर्ने शारीरिक तथा मानसिक स्वास्थ्य समस्या तथा जोखिमको अवस्थालाई नाटक मार्फत चित्रण गरिएको थियो । ३ वटै वडाहरूमा गरी नाटकमा करिव १५०० जना दर्शकहरूको उपस्थिती रहेको थियो ।

सफलताको कथा

दुःखबाट विचलित हुनु हुँदैन

काम गर्ने इच्छाशक्ति, लगनशीलता, मेहनत, निरन्तरताका साथै आँटकै कारण सानो सहयोग पाएर पनि अघि बढ्न सकिने उदाहरण हुन् सिरहामा जन्मिएकी ३६ बर्षीय सञ्जु ।

वहाँको समुदायमा दाइजोको कारणले गर्दा छोरी ठुलो भएर विवाह गर्दा धेरै दाइजो दिनुपर्छ भनेर पनि सानै उमेरमा विवाह गर्ने चलन थियो । त्यसमा पनि सञ्जुहरु ६ जना दिदी बहिनी थिए । त्यसै कारणले पनि उनको विवाह १२ बर्षको उमेरमा धनुषामा भयो । सानै उमेर उनलाई केही थाहा थिएन । सामाजिक रीतिरिवाज अनुसार दाइजो दिएरै विवाह गरेको भएपनि परिवार तथा श्रीमानले विवाह भएको २-४ महिनादेखि नै माइतीबाट पैसा मागेर ल्याउनको लागि दबाव दिइरहन्थे । तर माइतीबाट पनि ल्याउन सक्ने स्थिती नभएकोले गर्दा उनले दैनिक रूपमा कुटाइ खानुपर्थ्यो । तर पनि आफ्नो भाग्य नै यस्तै छ भनी धिक्कार्दै सहेर बस्थिन् । यसै क्रममा २ वटा छोराको जन्म भयो । श्रीमानको केही कमाइ नभएकोले पनि बच्चाहरूको पालनपोषण गर्न निकै कठिनाइ भयो । त्यसपछि घरपरिवारको सल्लाहमा नै ऋण खाजेर भएपनि श्रीमानलाई विदेश पठाइन् । आफुपनि परिवार र बच्चाको लागि होटलमा काम गर्न थालिन् । त्यसैबाट आएको पैसाले घरखर्च चलाउने र छोराछोरीलाई पढाउन थालिन् । उता श्रीमानले विदेशमा गएर पनि राम्रो गर्न सकेनन् र ५ बर्ष सम्म बसेर खाली हात नेपाल फर्किएँ ।

आफुले कमाएको पैसा पनि जवरजस्ती श्रीमानले माग्ने र नदिए कुटपीट गर्ने र नचाहिंदो चारित्रिक आरोप लगाउन थाले । श्रीमानले विवाह दर्ता, जन्म दर्ता र नागरिकता बनाइदिन पनि अस्वीकार गरेपछि ओरेक नेपालको सहयोगमा प्रहरी कार्यालयमा उजुरी दिएर सबै बनाइन् । यसरी श्रीमानको कमाइ पनि नभएकोले गर्दा परिवारले पनि छुट्याइदिए । बच्चाहरूको विद्यालयको शुल्क तिर्न नसकेर ७ र ८ कक्षाको अन्तिम परीक्षा दिन पाएनन् । यो सबै कुराले उनलाई जीवन देखि नै निराशा जागेर आयो । तर पनि बच्चाहरूको मुख हेरेर उनी हिम्मत गर्न थालिन् ।

यसै समयमा ओरेकको सम्पर्कमा आएर विउपुँजी स्वरूप २० हजार रूपैयाँ पाइन् । त्यसैले एउटा ठेला भाडामा लिएर चिया, खाजा बेच्न थालिन् । त्यसपछि मासिक रूपमा ठेलाको १५ सय भाडा तिरेर उनले केही पैसा बचत गरिन् । त्यसपपछि छोराछोरीलाई पढाउन पनि सहज हुँदै गयो र जीविकोपार्जनमा पनि निकै सहयोग भयो । पसल राम्रै चल्न थाल्यो । उनलाई हिम्मत र हौसला बढ्दै गयो । दिदी बहिनीहरूले केही कार्यक्रम हुँदा उनकै पसलबाट खाजाहरु लिएर जान थाले । कमाइ पनि राम्रो हुन थाल्यो । आफुले कमाएको पैसाले नै श्रीमानलाई ठिक हुन्छ कि भनेर ५० हजार खर्च गरेर केही समय सुधार केन्द्रमा पनि राखिन् । सुधारकेन्द्रबाट बाहिर आएपछि पनि श्रीमानले त्यही व्यवहार दोहोऱ्याउने र कुटपीट गर्न थालेपछि अहिले बच्चाहरूलाई लिएर एक्लै बस्दै आएकी छन् । मासिक ३०/४० हजार कमाइ गर्छिन् । छोराहरूलाई बोर्डिङ्ग स्कुलमा पढाएकी छन् । मेहनत र लगनशील भएर दिनरात नभनी काममा खटिइरहन्छिन् । समाजले पनि त्यस्तो हिम्मत हारिसकेको महिलाले यसरी जोस, जाँगर र आँट गरेर हिम्मतका साथ काम गरेकोमा सबैले उनको तारिफ गर्छन र अरूलाई उदाहरण पनि दिने गर्छन । जुन कुराले उनमा अझ आत्मबल बढेर आउँछ ।

सञ्जुलाई यतिवेला सामान्य जीवन चलाउन र छोराछोरी पढाउनको लागि अरूसंग हात थाप्न परेको छैन । उनी भन्छिन्, दुःखबाट विचलित नभइकन जीवनमा केही गर्ने आत्मविश्वास हुने हो भने आफैले जीवनलाई सुन्दर बनाउन सकिन्छ । त्यसका लागि आफु इमान्दार र लगनशील हुन चाहिं जरूरी छ ।

अन्वेषी २०७५

महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन सारांश प्रतिवेदन

ओरेक नेपालले सन् २००८ देखि महिलामाथि भइरहेको हिंसाको यथार्थ प्रस्तुत गर्ने मुख्य उद्देश्यले हरेक वर्ष महिला हिंसाविरूद्धको वर्ष-पुस्तक अन्वेषी प्रकाशन गर्दै आइरहेको छ । अन्वेषी २०७५ मा जुलाई २०१७ देखि जुन २०१८ सम्म ओरेक नेपालमा अभिलेख गरिएका जम्मा १७४१ वटा महिलामाथि भएका हिंसाका घटनाहरूको विस्तृत विश्लेषण गरिएको छ ।



क) घरेलु हिंसा

ओरेक नेपालले यस वर्ष अभिलेख गरेका जम्मा १७४१ वटा घटनालाई विश्लेषण गर्दा सबैभन्दा बढी महिलाहरू घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा यस वर्ष सबैभन्दा बढी ६५ प्रतिशत

(११४०) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ । महिलाहरूमाथि हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरू हुने गरेको तथ्य यस वर्षको तथ्याकंले पनि देखाएको छ । ७६ प्रतिशत (८६८) महिला आफ्नै श्रीमान्बाट र २४ प्रतिशत (२७२) महिला घरपरिवारका सदस्यहरूबाट हिंसामा परेका यस वर्षको तथ्याङ्कले देखाएको छ । यसरी घरेलु हिंसा खप्न बाध्य महिलाहरूमध्ये १७-२५ र २६-३५ वर्ष उमेर समूहका ३८-३८ प्रतिशत (४३३, ४३२) रहेका छन् भने ९० प्रतिशत (१०२१) साक्षर महिला घरेलु हिंसाबाट प्रभावित रहेको तथ्याङ्कले देखाएको छ ।





ख) सामाजिक हिंसा

यस वर्ष १७ प्रतिशत (१७४१ जनामध्ये २९५ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ । त्यसमा ५४ प्रतिशत (१६० जना) छिमेकीबाट, १८ प्रतिशत (५४ जना) परिवारका सदस्यबाट, १० प्रतिशत (३० जना) नजिकको साथीबाट, ९ प्रतिशत (२७ जना) साथीबाट, ७ प्रतिशत (२० जना) कुनै पनि सम्बन्ध नभएका व्यक्तिहरूबाट, २ प्रतिशत (४ जना) सेवा प्रदायक संस्थाका व्यक्तिहरू जस्तै प्रहरी, स्वास्थ्यकर्मी आदिबाट महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।

ग) बलात्कार

प्राप्त तथ्याङ्कका आधारमा यस वर्ष ७ प्रतिशत (१३० जना) महिलामाथि बलात्कार र २ प्रतिशत (३७ जना) महिलामाथि बलात्कारको प्रयास भएको पाइएको छ । बलात्कारका घटनाहरूमध्ये ४६ प्रतिशत (५९ जना) महिलामाथि छिमेकीबाट, १६ प्रतिशत (२१ जना) परिवारका सदस्यबाट, १२ प्रतिशत (१६ जना) महिला आफूले आत्मीय ठानेका साथीबाट महिलाहरूमाथि बलात्कार भएको तथ्याङ्क संकलन भएको छ । यसैगरी नै सबैभन्दा बढी ३२ प्रतिशत (१२) परिवारका सदस्य, ३० प्रतिशत (११ जना) छिमेकीबाट र १९ प्रतिशत (७ जना) आफूले आत्मीय ठानेका साथीबाट महिला माथि बलात्कारको प्रयास भएको पाइएको छ । प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ६३ प्रतिशत (८२ जना) बलात्कारका घटनाहरू १६ वर्षमुनिका बालिकामाथि भएको तथ्याङ्कले देखाएको छ ।

घ) यौनिक हिंसा

यसवर्ष ४ प्रतिशत (७२ जना) महिलामाथि यौनिक हिंसा भएको पाइएको छ, जसमध्ये सबैभन्दा बढी ३३ प्रतिशत (२४ जना) यौनिक हिंसाका घटना महिलाले आत्मीय साथी ठानेका व्यक्तिहरूबाटै भएको पाइएको छ । त्यसैगरी १६ प्रतिशत (१२ जना) छिमेकीबाट, १४ प्रतिशत (१० जना) साथीबाट, १०-१० प्रतिशत (७, ७) जना) शिक्षकबाट र विवाह नभएका तर संगै बसेका साथीबाट भएका यौनिक हिंसाका घटना संकलन भएका छन् । यसरी नै ७-७ प्रतिशत (५,५ जना) कुनै पनि सम्बन्ध नभएका व्यक्ति र परिवारका सदस्यबाट साथै ३ प्रतिशत (२ जना) सेवा प्रदायक व्यक्तिबाट महिलामाथि यौनिक हिंसा भएको पाइएको छ ।

ङ) हत्या

यसवर्ष संकलन गरिएका तथ्याङ्कका आधारमा १ प्रतिशत (१३) महिलाको हत्या भएको छ भने ०.३० प्रतिशत(६) महिलामाथि हत्याको प्रयास भएको पाइएको छ । हत्याका घटनामध्ये ६२ प्रतिशत (८) श्रीमानबाट, १५-१५ प्रतिशत (२, २) परिवारका सदस्य तथा छिमेकीहरूबाट साथै ८ प्रतिशत (१) आफ्नै प्रेमीबाट भएको पाइएको छ । यसैगरी श्रीमानबाट ६८ प्रतिशत (४), १६-१६ प्रतिशत (१, १) आफ्नै प्रेमी तथा अपरिचित व्यक्तिबाट महिलाहरूमाथि हत्याको प्रयास भएको पाइएको छ ।

च) बेचबिखन

०.६० प्रतिशत (११) महिला यसवर्ष बेचबिखनमा परेको तथा २ प्रतिशत (१९) महिलामाथि बेचबिखनको प्रयास भएको पाइएको छ । सबैभन्दा बढी ४६ प्रतिशत (५) अपरिचित व्यक्तिबाट, ३६ प्रतिशत (४) छिमेकीबाट, १८ प्रतिशत (२) परिवारका सदस्यबाट महिला तथा बालिका बेचबिखन भएको पाइएको छ । यस्तैगरी ३२ प्रतिशत (६) अपरिचित व्यक्तिबाट, २१-२१ प्रतिशत (४, ४) आफ्नै साथी र शिक्षकहरूबाट महिलाहरूमाथि बेचबिखनको प्रयास भएको पाइएको छ ।

छ) आत्महत्या

यसवर्ष महिला माथि भएका चरित्रहत्या, दाइजोको कारणले दैनिक रूपमा यातना, जवरजस्ती विवाह गरी आत्महत्या गर्न बाध्य बनाइएका कारणले १ प्रतिशत (१०) महिलाले आत्महत्या गरेका घटना अभिलेख भएका छन् ।

स्रोतः अन्वेषी २०७५

अन्वेषी लगायत ओरेकका अन्य प्रकाशनहरु निम्न वेवपेजमा उपलब्ध छन्ः www.slideshare.net/worecnepal